# महालेखापरीक्षकको कार्यालय
## Office Of The Auditor General
(संघीय मामिला तथा स्थानिय विकास लेखापरीक्षण निर्देशनालय)

Phone: 5010081
5010066
5010247
5010115
Post Box: 13328
पुल्चोक, ललितपुर, नेपाल
Polchowk, Lalitpur Nepal


मिति: २०७४।१२।२५

पत्र सख्या : २०७४/७५
च.नं. १८९३

विषय : **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू,
सभापोखरी गाउँपालिका,
संखुवासभा ।

लेखापरीक्षण ऐन , २०४८ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासंग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।०८।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएको हुँदा कायम लेखापरीक्षण प्रतिवेदन पाना २ यसैसाथ छ । प्रारम्भिक प्रतिवेदनलाई सन्दर्भ प्रतिवेदनको रुपमा लिई यो प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा नियमानुसा फछ्र्यौट गरी सम्परीक्षण गर्नु गराउनु हुन अनुरोध गरीएको छ ।

द.नं. ३३३
दर्ता मिति २०७५।१।१७

महेश्वर काफ्ले
(नायब महालेखापरीक्षक)

Scanned by CamScanner

Phone: 5010081
5010066
5010247
5010115
Post Box: 13328
पुल्चोक, ललितपुर, नेपाल
Polchowk, Lalitpur Nepal

# महालेखापरीक्षकको कार्यालय
## Office Of The Auditor General
### (संघीय मामिला तथा स्थानिय विकास लेखापरीक्षण निर्देशनालय)

मिति: २०७४।१२।२५

श्री प्रमुखज्यू,
सभापोखरी गाउँपालिका,
संखुवासभा ।

**लेखापरीक्षण प्रतिवेदन**

यस कार्यालयबाट सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को पेश भएका आर्थिक विवरण र सो सँग सम्बन्धित कागजात लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**आर्थिक विवरण उपर व्यबस्थापन पक्षको जिम्मेवारी**

आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ र प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखाविवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन संचालन गर्ने तथा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यबस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

प्रस्तुत आर्थिक विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मापदण्ड र अन्य मार्गदर्शन तथा अन्यप्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा केन्द्रिय विवरणहरुमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन्:

१. लेखापरीक्षणबाट रु.८९ लाख ८० हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३४ हजार, नियमित गर्नुपर्ने रु.६३ लाख ४० हजार र पेश्की बाँकी रु.२६ लाख ६ हजार रहेको छ ।

२. साविकका स्थानीय निकायको सवारी साधन, कम्प्यूटर, फर्निचर लगायतको सम्पत्ति स्थानीयतहमा हस्तान्तरण गरी अभिलेख राख्नु पर्नेमा हस्तान्तरण भएको छैन ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमाआधारित लेखा प्रणाली अवलम्वन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

४. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७४।१२।२५ मा लेखापरीक्षण प्रतिबेदन जारी गरिएको छ ।

**कैफियत सहितको लेखापरीक्षण राय**

कैफियत सहितको लेखापरीक्षण रायले त्यहांको वित्तीय विवरणहरुमा पर्ने असर र लेखापरीक्षण प्रतिबेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७३।७४ को आर्थिक कारोवार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानिय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम रहेको छ ।

(महेश्वर काफ्ले)
नायव महालेखापरीक्षक

Scanned by CamScanner

# सभापोखरी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

गतको रु.५५ लाख १९ हजार र यो वर्षको आय रु.३ करोड ८१ लाख ९० हजार समेत रु.४ करोड ३७ लाख ९ हजार आय भई रु.३ करोड ७५ लाख ८३ हजार खर्च गरी रु.६१ लाख २६ हजार मौज्दात रहेको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय छ :

१. **कानूनको पालना**: खरिद इकाई, खरिद योजना, जिन्सी निरीक्षण, सामनको मूल्य, कार्य विवरण, अधिकार जिम्मेवारी, अनुगमन तथा मूल्याकन, सम्भावित जोखिमहरु पहिचान, जोखिम निराकरण, आन्तरिक लेखापरीक्षण।

२. **बरबुझारथ**: आर्थिक कार्यबिधि नियमावली, २०६४ को परिच्छेद ६को नियम ५५ अनुसार नगद जिन्सी मालसामान लगायत अन्य सरकारी कागजात जिममालिने कर्मचारी साधारण तथा सरुवा अबकास तथा कार्यालय छोडी जाँदा बरबुझारत गर्नु पर्ने व्यबस्था रहेको छ। साविक २ निकाय जिन्सी सामानको बरबुझारथ गरेको देखिएन ।

३. **मालसामान**: सार्बजनिक खरिद नियमावली २०६४को नियम ८४ अनुसार स्विकृत कार्यकम र खरिद योजना अनुसार रु.५ लाख देखि २० लाख रुपैया लागत अनुमान भएका मालसामान सिलबन्दी दरभाउपत्रका आधारमा खरिद गर्ने व्यबस्था रहेको छ। कम्प्युटर, सोलार,फर्निचर लगायतका सामान खरिद गर्दा खरिद योजना बेगर रु.५ लाखमा नबढने गरी पटक पटक खरिद गरेको छ। विधी अपनाई प्रतिस्पर्धात्मक रिकाबाट सामान खरिद गर्नु पर्नेमा सिधै खरिद गरेको नियमसम्मत देखिएन।

४. **पेश्की बाँकी** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७७ अनुसार प्रस्तुत बैंक नगदी कितावको अभिलेख अनुसाररु.१७१८०५०।– पेश्की र रु.१६१५०९१।– पछ्यौंट गरी रु.१,०२,९५९।- पेश्की बाकी रहेकोमा यस बर्ष रु.२६,०६,०००।- थप गरी कुल बाँकी रु.२७,०८,९५९।- देखिएको छ । पेश्कीको नामनामेसी नखुलुको र पेश्की लेजर नराखेकोले नामनामेसी यकिन गरी असुल फछर्यौट गर्नुपर्ने देखिन्छ।

५. **सामाजिक सुरक्षा सुविधा**: जि.स.स.बाट रु.१,१०,४५,०००।- यो वर्ष प्राप्त रु.१,१०,४५,०००।- यो तहले सबै खर्च देखाएको छ। वितरण नभई बाकी रहेको रु.५५,३१,४००।- देखिएकोमा यो तहले सबै खर्च देखाउनु नियमसम्मत देखिएन।

६. **साविकको धूपु गाउँ विकास समिति**

- आयकर ऐन २०५८, बमोजिम मेशीनरी सामानमा रु.२,३४,९००।०० मोटरसाइकल खरिद गरेको छ। रु. २,०७,८७६।- को १.५ प्रतिशतले हुन आउने अग्रिम कर रु. ३,११९।०० असुल गरी दाखिला गर्नुपर्नेमा जम्मा गरेको देखिएन।
- सामुदायिक भवन निर्माणमा रु.१,५०,०००।०० पेश्की फछ्यौछ गरी रु.१,२९,०००।०० समेत रु.२,७९,०००।०० खर्च लेखेको छ। नापी तथा कार्य सम्पन्न प्रतिवेदन बेगर खर्च लेखेको अनियमित देखिएको छ।
- कट्टि गरेको कर रु.३,३४५।०० राजश्व खातामा दाखिला गर्नुपर्नेमा दखिला गरेको नदेखिएकोले सो राजश्व खातामा दाखिला हुनुपर्दछ।
- कट्टि गरेको कर रु.५,१०९।०० राजश्व दाखिला गर्नुपर्नेमा दाखिला नगरेकोले सो कर दाखिला हुनुपर्दछ।

७. **साविकको बाहूबिसे गाउँ विकास समिति**

७.१ स्थानीय निकाया स्रोत परिचालन तथा व्यवस्थापन कार्याविधि २०६९, (१३) (१) च अनुसार स्थानीय निकायको कोषको पूँजीगत रकमबाट राजनैतिक दल तथा तिनका भातृ वा भगेनी संगठन संघसंस्था वा व्यक्तिलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा जस्ता विषयमा खर्च गर्न पाइने छैन भन्ने उल्लेख छ। कार्यालयले राजनैतिक दल तथा तिनका भातृ संगठनलाई आर्थिक सहायता प्रदान गरेकोले अनियमित देखिएको छ।

७.२ मालपोत असूली रु. २७,०००।- को २५ प्रतिशतले हुने रु.६,७५०।- जिसस पठाउनु पर्नेमा पठाएको देखिएन।

७.३ आयकर ऐन २०५८, बमोजिम एक सप्लायर्सलाई रु.५२,०००।- खर्च लेखि भुक्तानी गरेकोमा १.५ प्रतिशतले हुन आउने कर रु.३३०।- असुल गरी दाखिला गर्नुपर्दछ।

७.४ कट्टि गरेको कर रु.५,०६१।- राजश्व दाखिला नभएकोले दाखिला गर्नुपर्ने देखिन्छ।

७.५ वार्षिक समिक्षा गोष्ठी रु.२८,६६५।- खर्च लेखेकोमा विल भरपाई बेगर खर्च लेखेकोले अनियमित देखिएको छ।

७.६ कट्टि गरेको कर रु. ३०९।- राजश्व दाखिला गर्नुपर्ने दाखिला गरेको देखिएन।

७.८ एक व्यक्तिलाई रु.४७,५००।- भुक्तानी दिएकोमा रु. २३,५००।- कोमात्र विलभपाई संलग्न गरी रु.२४०००।- विल भरपाई बेगर खर्च लेखेकाले जिम्मेवार कर्मचारी बाट असुल हुनु पर्दछ।



Scanned by CamScanner

७.९ कट्टि गरेको कर रु.२,७१०।- राजश्व दाखिला गर्नुपर्नेमा दाखिला नगरेकोले दाखिला गर्नुपर्ने देखिन्छ ।

८. **साविकको सभापोखरी गाउँ विकास समिति**

८.१ सुरक्षा चौकीलाई पूँजाको रु.५,०००।- भान्सा घर मर्मत रु.१०,०००।- समेत रु.१५०००।- खर्च लेखेको छ । स्वीकृत बजेटबाट अन्य निकायको खर्च गरेकोले अनियमित खर्च गरेको पाईयो ।

८.२ मोटरसाईकल चालक स्वीकृत दरबन्दी नभएको सवारीचालक नियुक्ती गरी मोटर साईकल चालक एक व्यक्तिलाई रु.२७,५००।- खर्च लेखेकोले स्विकृत कार्यक्रम नहुदा अनियमित देखिएको छ ।

८.३ जनजाति संग्रहालय भवन उपभोक्तालाई रु.२,००,०००।- को पेश्की फछ्यौंट गरी रु.८३,०००।-समेत रु.२,८३,०००।- खर्च लेखेको छ । प्राविधिकबाट मूल्याङ्कन प्रतिवेदन तथा कार्य सम्पन्न प्रतिवेदन बेगर खर्च लेखेको छ ।

८.४ कट्टि गरेको कर रु.५,१७४।- राजश्व दाखिला गर्नुपर्नेमा दाखिला नहुंदा सम्वन्धित राजश्व दाखिला हुनुपर्ने देखिन्छ ।

८.५ मालपोत असूली रु.१,३२,५०३।- को २५ प्रतिशतले हुने रु.३३,१२५।- जिससमा पठाउनु पर्नेमा पठाएको देखिएन ।

८.६ विभिन्न ४ कार्यको विल भरपाई बेगर रु.६१,७६३।- खर्च लेखेकोले बिल भपाई पेश हुनु पर्दछ ।

८.७ आयकर ऐन, २०५८, बमोजिम सार्वजनिक सुनुवाईमा रु.२५,०००।- खर्च लेख्दा एक पत्रकारलाई सम्झौताका रु.२५,०००।- को १५ प्रतिशतले हुन आउने कर रु.३,७५०।- असुल गरी राजश्व दाखिला हुनु पर्ने देखिन्छ ।

९.८ कट्टि गरेको कर रु.२,८५०।- राजश्व दाखिला नगरेकोले दखिला गरी प्रमाण पेश हुनुपर्दछ ।

९.९ बिल भरपाई वेगर रु.५४५६७।- खर्च लेखेकोल सम्वन्धित कर्मचारीबाट असुल हुनु पर्ने देखिन्छ ।

**बेरुजू स्थिति**

यो वर्ष लेखापरीक्षणबाट रु.८९ लाख ८० हजार कुल बेरुजू रहेको मध्ये असुल गनुपर्ने रु.३४ हजार, नियमित गर्नुपर्ने रु.६३ लाख ४० हजार र पेश्की रु.२६ लाख ६ हजार रहेको छ ।



Scanned by CamScanner